पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्बत् २०८०/०७/१५ गते	आ.ब.२०८०/०८१	बैठक क्र.स.०४

**निर्णयहरुः**

१ भुर्तेलथोक स्वास्थ्य ईकाईमा कार्यरत अ.हे.ब. श्री नन्दलाल डुम्रेलाई कार्यपालिकाले सोधेको स्पस्टिकरण चित्तबुझ्दो नपाईएको हुँदा निजलाई बर्खास्त गर्ने ।

२ पैयूँ गाउँ पालिका भित्रका सवारी साधनलाई व्यबस्थित गर्ने प्रयोजनार्थ वसपार्क निर्माण गर्न तपसिल बमोजिमको क्षेत्रभित्र कम्तिमा ७ रोपनी क्षेत्रफल भएको जग्गा, १० बर्षको लागि लिजमा लिन, अधिकतम मुल्य रु.१ लाख ५० हजार (वार्षिक) भित्र उपलब्ध गाराउन इच्छुक व्यक्तिहरुबाट आसयको लागि सार्वजनिक सुचना आह्वान गर्ने ।

**तपसिल**

- पुर्वमाः वालिङ हुवास सडक खण्ड सँग जोडिएको प्रहरी चौकी जाने बाटो देखी पश्चिम ।
- उत्तरः हुवास लुंखु सडक सँग जोडिएको वडा नं ४ वडा कार्यालय देखी हातेमालो चोक सम्म ।
- दक्षिणः हुवास विहादी सडक खण्डसँग जोडिएको मर्दिखोला पुल देखी हातेमालोचोक सम्म ।

३ पैयूँ गाउँपालिकाको स्थानिय तह स्वास्थ्य विमा संयोजन समिति गठन / संचालन कार्यविधी २०८० लाई स्विकृत गर्ने र पैयूँ गाउँपालिकाको आधारभुत अस्पताल संचलनको लागि आवश्यक जनशक्ती अहेब १ जना र अनमी २ जना सेवा करारमा भर्ना गर्ने ।

४ वडा नं ५ स्थित पैयूँ गाउँपालिकाको फोहरमैला व्यबस्थापन परियोजना संचालन गर्नका लागि ट्रयाक्टर भाडामा लिनको लागि सार्वजनिक सुचना आह्वान गर्ने तथा २ जना फोहर व्यबस्थापनको लागि कर्मचारी सेवा करारमा (मासिक १५ हजार पारिश्रमिकमा) भर्ना गर्ने ।

५ पैयूँ गाउँपालिकाको फोहरमैला व्यबस्थापन तथा सांचालन कार्यविधी तयार गरि आगामी बैठकमा पेश गर्ने ।

६ तपसिल बमोजिमका प्राविधिक कर्मचरीहरु सेवा करारमा भर्ना गर्ने

- प्राविधिक सहायक १ जना (सव ईन्जिनियर प्रधानमन्त्री रोजगार कार्यक्रम) ।
- टकलाक स्वास्थ्य चौकी अनमी १ जना (बर्थिङ्ग सेन्टर) ।
- चिसापानी आधारभुत स्वास्थ्य केन्द्र अनमी १ जना ।
- त्रिवेणी स्वास्थ्य चौकी अनमी १ जना ।
- भुर्तेलथोक स्वास्थ्य ईकाई अनमी १ जना ।
- सौरिकोट स्वास्थ्य ईकाई अ.हे.ब. १ जना ।
- हिले स्वास्थ्य ईकाई अ.हे.ब. १ जना ।
- पैयूँ आयुर्वेद औषधालय बैद्य १ जना ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक
आ.ब.२०८०/०८१

सम्बत् २०८०/०७/१५ गते

बैठक क्र.स.०४

७ वडा नं ५,६ र ७ मा रहेका सामुदायिक विद्युतका ट्रान्सफरमा क्षति पुगेको हुँदा मर्मतको खर्च वडा बाट प्राप्त सर्जिमन मुचुल्का, सक्कल विल भरपाई तथा वडाको सिफारिसका आधारमा **विद्युतिय समस्या समाधान** शिर्षक बाट भुक्तानी दिने ।

८ समपुरक तथा विशेष अनुदानका आयोजनाहरुको कार्यान्वयनमा रहेको समस्या समाधान गर्न आयोजना कार्यान्वयन हुने सम्बन्धित वडाका वडा अध्यक्षहरुज्यू ले सहजिकरण गर्ने ।

९ आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम **मागमा आधारित** शिर्षकबाट एम्बुलेन्स खरिदको लागि बजेट सुनिस्चितता गर्ने र खरिदको लागि आवश्यक प्रक्रिया अगाढी बढाउने ।

१० गाउँपालिकाको पुर्वाधार विकास शाखा अन्तरगत कार्यरत कर्मचारीहरुलाई मासिक १५ दिन बराबरको आधारभुत ग्रेड ले हुन आउने रकम बरावरको अतिरिक्त प्रोत्साहन भत्ता प्रदान गर्ने ।

११ कृषि तथा पशु विकास शाखा मा OJT (On the Job Tranning ) मा खटिएका कर्मचारीहरुलाई मासिक ५०००/०० (पाँच हजार मात्र) खाजा खर्च उपलब्ध गराउने ।

१२ पैयूँ गाउँपालिका वडा नं २ स्थित कुभिण्डेको जनजागरण युवा क्लवलाई खेलकुद कार्यक्रम संचालन गर्न रु. ७० हजार सहायता प्रदान गर्ने ।

१३ निम्न बमोजिमका व्यक्तिहरुलाई औषधी उपचार सहायता उपलब्ध गराउने ।

- वडा नं ५ निवासी धनकुमारी राना- रु.३० हजार ।
- वडा नं ६ निवासी दृष्टिविहिन कुशुम गौतम-४० हजार ।
- वडा नं ७ निवासी सन्तोष वि.क. – २० हजार ।

१४ पैयूँ गाउँ पालिकाको मृगौला प्रत्यारोपण गरेका,डायालाइसिस गराईरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी २०७९ बमोजिम निम्न व्यक्तीहरुलाई लभग्राही कायम गरियो ।

- वडा नं ३ निवासी हुम बहादुर थापा ।
- वडा नं ४ निवासी डोल कुमारी खवास ।

१५ त्रिवेणी वहुउद्देशिय सहकारी संस्थासँगको साझेदारीमा पशु विमा कार्यक्रम संचालन गर्ने ।

१६ पैयूँ गाउँपालिका भित्रका नदि तथा खोलाहरुबाट ढुङ्गा गिट्टी बालुवा संकलन तथा निकासी गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयार गर्न पैयूँ गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्यन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधी २०७७ को दफा ७ बमोजिमको प्राविधिक समिति देहाय बमोजिम गठन गर्ने ।

- योजना तथा प्राविधिक शाखा प्रमुख – ईन्जिनियर-अनिल कमल न्यौपाने –संयोजक
- आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषय विज्ञ-खा.पा.स.टे-प्रविण वुढा मगर –सदस्य

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्बत् २०८०/०७/१५ गते आ.ब.२०८०/०८१ बैठक क्र.स.०४

- बातावरण तथा विपद् व्यवस्थापन विषय हेर्ने शाखा/ईकाई प्रमुख-प्रशासन सहायक –राम बहादुर बलामि –सदस्य सचिव।

**अनुसुची १** बमोजिमको प्रारम्भिक बातावरणीय परिक्षण(IEE) तयार गर्ने प्रयोजनार्थ कार्यसुची (TOR) स्विकृत गर्ने।

१७ पैयूँ गाउँ पालिकाको फोहरमैला व्यबस्थापन परियोजना पैयूँ – ५ खोलाखर्क मा परियोजनाको लागि आवश्यक तपसिल बमोजिमको व्यक्तिहरुको नाममा रहेको थप जग्गा प्रति रोपनी रु. १ लाख १० हजार का दरले खरिद गर्ने।

- नरदेउ भुर्तेल को कित्ता नं २४० (क्षेत्रफल:०-११-२-०)